३

आज मिति २०७५ साल मंसीर महिनाको २६ गते बुधवार बिहान ७:०० बजे यस वारेकोट गाउँपालिका, गाउँ कार्यपालिकाको १९ औं बैठक यस गाउँपालिकाका अध्यक्ष श्री महेन्द्र बहादुर शाहको अध्यक्षतामा तपसील बमोजिमको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल गरी निम्नानुसारका निर्णयहरु गरियो ।

उपस्थिति :

| क.स. | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री महेन्द्र वहादुर शाह | अध्यक्ष | |
| २. | श्री ओमा शाही | उपाध्यक्ष | |
| ३. | अजविर सिँह | सदस्य गाउँकार्यपालिका | |
| ४. | लालभक्त सिँह | सदस्य गाउँकार्यपालिका | |
| ५. | मन बहादुर शाही | सदस्य गाउँकार्यपालिका | |
| ६. | सिर्जना बस्नेत | सदस्य गाउँकार्यपालिका | |
| ७. | कर्ण कामी | सदस्य गाउँकार्यपालिका | |
| ८. | वसन्त शाही | सदस्य गाउँकार्यपालिका | |
| ९. | शशीराम गौतम | सदस्य गाउँकार्यपालिका | |
| १०. | द्वारिका प्रसाद बुढा | सदस्य गाउँकार्यपालिका | |
| ११. | तिले महतारा | सदस्य गाउँकार्यपालिका | |
| १२. | धनविर कामी | सदस्य गाउँकार्यपालिका | |
| १३. | ऐन बहादुर परियार | सदस्य गाउँकार्यपालिका | |
| १४. | ममिता पुन(घर्ती) | सदस्य गाउँकार्यपालिका | |
| १५. | शिला सार्की | सदस्य गाउँकार्यपालिका | |
| १६. | सुन्दरी सार्की | सदस्य गाउँकार्यपालिका | |
| १७. | देउमा बुढा | सदस्य गाउँकार्यपालिका | |
| १८. | रुद्र ब.पछाई | सदस्य सचिव गा. का. पा. | |

**बैठक सचिवालयका कर्मचारीहरु**

| | | |
|---|---|---|
| १. | राज वहादुर सिहं | लेखापाल |
| २. | श्रम व.सिहँ | कार्यक्रम अधिकृत |
| ३. | बिन व.शाह | लेखा तथा प्रशासन सहायक |
| ४. | नन्दलाल रोकाय | का.स. |
| ५. | लोकेन्द्र सिहं | का.स. |

प्रस्ताव तथा निर्णयहरु :

**१.आ.व. २०७४।७५ को खर्च हुन नसकी बाँकी रहेको बजेट विनियोजन गर्ने सम्बन्धमा**

क) गत आ.व. मा विनियोजन भई खर्च हुन नसकेको संघीय सरकारबाट प्राप्त वित्तीय समानीकरण शिर्षक अन्तर्गतको कुल जम्मा रु. ५,२०,९३,१९३।१८( अक्षेरुपी पाँच करोड विस लाख त्रियानब्बे हजार एक सय त्रियानब्बे र पैसा अठार मात्र ।) को देहाय बमोजिमका कार्यक्रमहरुमा तपसिलका नयाँ तथा क्रमागत योजनाहरुमा बजेट विनियोजन गर्ने र यस निर्णयलाई आगामी गाउं सभाको बैठकबाट अनुमोदन गराउने निर्णय गरियो ।

| | गत वर्षको बाँकी बजेटबाट यस आ ब ७५/७६ मा विनियोजन बजेट तथा कार्यक्रम | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| सि. न | योजनाको नाम | कुल इस्टिमेट बजेट | गत आ.ब.मा बिनियोजित बजेट | गत आ.ब. सम्म कुल खर्च | यस आ.ब .मा छुट्याइसकेको बजेट | जम्मा | हाल विनियोजीत बजेट | कैफियत |
| | भवन तर्फ | | | | | | | |
| १ | वडा कार्यालय १ न. | 5000000 | 2000000 | 1906415.61 | 1500000 | 3406415.611 | 1000000 | |
| २ | वडा कार्यालय ३ न. | 5000000 | 2000000 | 1946770.40 | 1500000 | 3446770.401 | 1000000 | |
| ३ | वडा कार्यालय ४ न. | 5000000 | 2000000 | 1894978.65 | 1500000 | 3394978.651 | 1000000 | |
| ४ | वडा कार्यालय ६ न. | 5000000 | 2000000 | 938615.31 | 1500000 | 2438615.31 | 1500000 | |
| ५ | वडा कार्यालय ७ न. | 5000000 | 2000000 | 660000 | 1500000 | 2160000 | 1500000 | |
| ६ | वडा कार्यालय ९ न. | 5000000 | 2000000 | 1888724.19 | 1500000 | 3388724.186 | 1000000 | |
| ८ | सामुदायिक स्वास्थ्य मैना | 1850000 | 700000 | | 0 | | 500000 | |
| | गाउपालिका सभाभवन | 16600000 | | | 5000000 | | 2000000 | |
| ९ | सामुदायिक स्वास्थ्य सुवाकोट | 1400000 | 700000 | | 0 | | 700000 | |
| १० | लिम्का विद्यालय | | | | | | 400000 | |
| ११ | सेपुखोला ल. ज. वि | | | | | | 1200000 | |
| | | | | | | जम्मा | **11800000** | |
| | खानेपानी तर्फ | | | | | | | |
| 1 | बोग्रेछ्यान खा.पा ३ | 4924520.76 | 1500000 | 1884319.84 | 2000000 | 3884319.839 | 500000 | |
| 2 | घर्तिगाउ खा.पा ६ | 6819932.56 | 1500000 | 1493255.95 | 2500000 | 3993255.946 | 1500000 | |
| 3 | धुमा खन.पा ६ | 1932647.99 | 500000 | 496919.8128 | 1000000 | 1496919.813 | 400000 | |
| 4 | कलेबारी खा.पा ५ | 7051197.5 | 1500000 | 1496437.03 | 2300000 | 3796437.033 | 1700000 | |
| 5 | लैखम खा.पा ८ | 3863514.07 | 1500000 | 1496437.03 | 1500000 | 2996437.033 | 800000 | |
| 6 | नैमुली खा .पा १ | 1478511.48 | 1000000 | | | | 400000 | |
| 7 | रग्रेम खा.पा ९. | 3701485.6 | 1500000 | 1479235.976 | 1500000 | 2979235.976 | 700000 | |
| 8 | ताँफुसनी ७ | 6271190.65 | 1500000 | 1480989 | 2000000 | 3480989 | 2000000 | |
| 9 | ठेप्निमेला खा.पा ४ | 3254258.73 | 1500000 | 1478509 | 1000000 | 2478509 | 500000 | |
| 10 | बयाल खा पा १ | 1193471.77 | 400000 | 200000 | 1500000 | 1700000 | 500000 | |
| 11 | सक्ला चौर खा.पा. ९. | | | | | | 300000 | |
| 12 | खानेपानी योजना तथा वडा कार्यालय घेरावार वडा नं. २ को वडा कार्यालय | | | | | | 500000 | |
| | | | | | | जम्मा | **9800000** | |
| | सडक तर्फ | | | | | | | |
| 1 | ध्यापाटाकुरा लिम्सा खण्ड (घ) | | | | | | 5500000 | |
| 2 | ध्यापाटाकुरा लिम्सा खण्ड (ङ) | | | | | | 5500000 | |
| 3 | ध्यापाटाकुरा लिम्सा खण्ड (च) | | | | | | 4500000 | |
| 4 | कडा चट्टान (सक्ला भिर, बारेकोट ९) | | | | | | 5100000 | |
| 5 | यस आ.व.मा बिनियोजन भइसकेको बजेट | | | | | | 8000000 | |
| | जम्मा = (१+२+३+४) - (५) | | | | | | **12600000** | |
| | कुल बजेट पुर्वाधार तर्फ | | | | | | **34200000** | |

| | | | |
|---|---|---|---|
| | चालु तथा अन्य खर्च | | |
| 1 | पदाधिकारी पारिश्रमिक खर्च | | 6712000 |
| 2 | पदाधिकारी पोषाक खर्च | | 490000 |
| 3 | गत वर्षको चुलो खरिदको भुक्तानी गर्नु पर्ने व्ययभार | | 1600000 |
| 4 | प्रोफाईल निर्माण | | 300000 |
| 5 | पाटन असपतालसँग सम्झौता भए बमोजिमको खर्च | | 500000 |
| 6 | आँखा शिविर संचालन खर्च | | 500000 |
| | औषधी खरिद | | 700000 |
| 7 | मेयरी खर्च | | 7091193.18 |
| | जम्मा | कुल १ देखि ७ सम्म | **17893193.2** |
| | कुल बजेट | पूर्वाधार र चालु तथा अन्य खर्च | **52093193.18** |

**प्रस्ताव नं. २ : जडीबुटीबाट आम्दानी सम्बन्धमा ।**

यही२०७५ साल असोज पहिले गते देखि बारेकोट गाउँपालिकाभित्रका विभिन्न राष्ट्रिय वनमा सेतो चिनी नामक खिराङ्गे जातको जडीबुटी संकलनका लागि खुला गरिएकोमा उक्त कार्यवाट संकलन भएको राजश्व तथा धरौटी तपसिल बमोजिम रहेको जानकारी भयो ।

तपसिल :

१. राजस्व : २१,२४,९००।००( अक्षेरुपी एक्काइस लाख चौबिस हजार नौ सय मात्र ।)

२.धरौटी : १,२४,००,०००।००( एक करोड चौबिस लाख मात्र ।)

**जम्मा : १,४५,२४,९००।००(अक्षेरुपी एक करोड पैतालीस लाख चौबिस हजार नौ सय मात्र ।)**

**प्रस्ताव नं. ३ : पशुपंक्षी विकास उपशाखाबाट पेश भएको प्रस्ताव सम्बन्धमा ।**

निर्णयनं. ३(क) पशुपक्षी विकास उपशाखाको करार ना.प्रा.स. का लागि रु ३ लाख ९० हजार विनियोजन भएकोमा सेवा करारमा नलिई उक्त रकम यस गाउँपालिका भित्र रहेका पशुपंक्षीहरुको तथ्यांक संकलन गर्नुपर्ने आवश्यक देखिएकोले सवै वडामा पशु तथ्याक संकलक (गणक)प्रति महिना रु १० हजारका दरले ४ महिनाका लागि सेवा लिनुपर्ने भनी प्रस्ताव पेश भएकोले सो प्रस्ताव पास गर्ने निर्णय गरियो । उक्त वजेट मध्ये रु. ३० हजार बचत हुन आउने भएकोले उक्त वजेट बाट निजहरुको लागि पशुपंछी विकास शाखावाट २ दिने अभिमुखीकरण कार्यक्रम संचालन गर्ने निर्णय समेत गरियो ।

निर्णय नं.३(ख)यस गाउँपालिकाको पशुपंक्षी विकास उपशाखामा पशुपंक्षी विकास मन्त्रालयबाट प्रस्ताव गरिएको पदमा कर्मचारी नआएकोले उक्त देहाय बमोजिमको पद, सेवा, श्रेणी र समूह लाई तपसिल बमोजिम संशोधन गर्न उक्त मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

| हाल भएको पद | संशोधन गरी कायम गर्नु पर्ने पद, सेवा र समूह |
|---|---|
| पद : नायब पशु सेवा प्राविधिक | पद : नायब पशु सेवा प्राविधिक |
| सेवा : कृषि | सेवा : कृषि |
| श्रेणी : रा.प.अनं द्वितीय(प्रा) | श्रेणी : रा.प.अनं द्वितीय(प्रा) |
| समूह : लाइभस्टक | समूह : भेटेरीनरी |

**प्रस्ताव नं. ४ : विभिन्न कडा रोग तथा आगलागी भएका पिडितहरुलाई आर्थिक सहायता गर्ने सम्बन्धमा ।**

आ.व. २०७५।७६ मा देहाय बमोजिमका विभिन्न कडा रोग तथा आगलागी भएका पिडित परिवारका सदस्यलाई तपसिल बमोजिम रकम आर्थिक सहायता दिने निर्णय गरियो ।

| क्र.सं. | पिडित व्यक्तिको नाम | ठेगाना | सहायता रकम | आर्थिक सहायता दिनुको कारण |
|---|---|---|---|---|
| १ | माल ब.खत्री | वडा नं. ७ | २,००,०००।००(अक्षेरुपी दुई लाख मात्र ।) | श्रीमती कडा रोग लागि उपचार गर्दा गर्दै मृत्यु भएको । |
| २. | निम ब.सिहं | बारेकोट,३ | १,००,०००।००(अक्षेरुपी एक लाख मात्र ।) | निजको प्यारालाईसीस भई अपा भएको । |
| ३. | महेन्द्र ब. शाही | बारेकोट, ९ | १,००,०००।००(अक्षेरुपी एक लाख मात्र ।) | बोन म्यारो सम्बन्धी कडा रोग बाट ग्रसित । |
| ४. | रविना सिहं | बारेकोट, ८ | १,००,०००।००(अक्षेरुपी एक लाख मात्र ।) | बोन म्यारो सम्बन्धी कडा रोग बाट ग्रसीत ।क |
| ५. | काली ब.वोहोरा | बारेकोट, १ | ५०,०००।००(अक्षेरुपी पचास हजार मात्र ।) | घर आगलागी भएको । |
| ६. | धन ब.नेपाली | बारेकोट, १ | ५०,०००।००(अक्षेरुपी पचास हजार मात्र ।) | घर आगलागी भएको । |
| ७. | देउमा बुढा | बारेकोट, १ | १,००,०००।००(अक्षेरुपी एक लाख मात्र ।) | निजको श्रीमान प्यारालाईसीस भई अपाँग |

| | | | | |
|---|---|---|---|---|
| ८. | रञ्जा सिंह | बारेकोट, ५ | १,००,०००।००(अक्षेरुपी एक लाख मात्र ।) | मेरुदण्ड भाँचिएको । |
| ९. | कल्पना सिंह | बारेकोट, ५ | ५०,०००।००(अक्षेरुपी पचास हजार मात्र ।) | मानसिक असन्तुलन |
| १० | काली बहादुर रावत | बारेकोट, ४ | ५०,०००।००(अक्षेरुपी पचास हजार मात्र ।) | निजको छोरा भिम ब.रावत विगत ९ वर्ष देखि मानसिक रोग लागि उपचारको क्रममा रहेको |
| ११ | बिन बहादुर शाह | बारेकोट, ५ | ५०,०००।००(अक्षेरुपी पचास हजार मात्र ।) | नसा सम्बन्धि ग्रस्त भई उपचारर्थ |

**प्रस्ताव नं. ४ : गत आ.व. २०७४।७५ को महालेखा प्रतिवेदनबाट औंल्याइएको बेरुजु असुल उपर गर्ने सम्बन्धमा ।**

प्रत्येक वडाहरुमा अनुगमन वापत विनियोजन गरिएको रु. ८०,०००।००(अक्षेरुपी असी हजार मात्र ।) का दरले रु. ७,२०,०००।००(अक्षेरुपी सात लाख बीस हजार मात्र ।) म.ले.प.बाट बेरुजु निकाली असुल उपर गर्नु पर्ने उल्लेख भएकोले उक्त रकम सम्बन्धित वडाका जनप्रतिनिधिहरुलाई उपलब्ध गराउने मासिक सुविधाबाट कट्टा गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५. जडीबुटी संकलन गर्ने ठेकेदार व्यवसायीलाई सम्पर्क गर्न बोलाउने सम्बन्धमा ।**

२०७५ साल असोज महिनाको १८ गतेबाट खुला गरिएको जडीबुटी संकलन गर्ने कार्य औपचारिक रुपमा मंसीर महिनाको १५ गते बाट बन्द भएको र यस गाउँपालिकामा दर्ता भई धरौटी रकम जम्मा गरेका ३२ जना ठेकेदार तथा व्यवसायीहरुलाई यही पौष ८ गते सम्पर्क गर्न बोलाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ६ : नयाँ वडा कार्यालयहरुको डि.पी.आर तयार गर्ने सम्बन्धमा ।**

प्रस्तुत विषयमा वडा नं. २, ५ र ८ को वडा भवन निर्माण गर्ने प्रयोजनका लागि प्रारम्भिक चरणमा सर्भे, डिजाइन तथा ईस्टीमेट लगायत विस्तृत रिपोर्ट तयार गर्नु पर्ने भएकोले उक्त कार्यको लागि आवश्यक प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ७ : सम्पूर्ण विद्यालयका शिक्षक ,कर्मचारी तथा स्वास्थ्य तर्फका कर्मचारीहरुको तलब भत्ता भुक्तानी सम्बन्धमा ।**

यस बारेकोट गाउँपालिका भित्रका सम्पूर्ण विद्यालयका शिक्षक, कर्मचारी तथा स्वास्थ्य तर्फका सम्पूर्ण कर्मचारीहरुको तलब भत्ता भुक्तानी गर्दा अनिवार्य रुपमा सम्बन्धित वडाका वडा अध्यक्षहरुले मासिक रुपमा निजहरुको हाजिर प्रमाणित गरी गाउँपालिकामा सिफारिस गर्ने । साथै वडा अध्यक्षको सिफारिस बमोजिम तलब भत्ता निकासा तथा भुक्तानीको कार्य गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ८ : ईन्जिनियर पदमा भएको करार नियुक्ति समर्थन सम्बन्धमा ।**

विगत लामो समय देखि यस गाउँपालिकाको ईन्जिनियर पदमा कर्मचारी पद पूर्ति हुन नसक्दा विकास निर्माण लगायतका अन्य प्राविधिक कार्यहरु प्रभावित हुँदै आइरहेको अवस्थालाई मध्यनजर गरी यही २०७५।७।१९ गते गाउँ कार्यपालिकाको कार्यालयबाट भएको ईन्जिनियर नियुक्ति सम्बन्धी निर्णय लाई अनुमोदन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ९: गाउँघर क्लिनिक लाई सामुदायिक स्वास्थ्य केन्द्रमा परिवर्तन गरी स्वास्थ्यकर्मी नियुक्त गर्ने सम्बन्धमा ।**

बारेकोट गाउँपालिका वडा नं १ को सिपाचौर र बयाला वडा नं ८ को लैखमगा आ.व.०७४।०७५ को विनियोजित रकम गाउँघर क्लिनिक स्थापनामा विनियोजन भएकोमा सो शिर्षकलाई परिवर्तन गरी सामुदायिक स्वास्थ्य केन्द्र स्थापना गर्ने र उक्त सामुदायिक स्वास्थ्य केन्द्रहरुमा मासिक रुपमा रु. ७०००।०० (अक्षेरुपी सात हजार मात्र ।) पारिश्रमिक भुक्तानी गर्ने गरी २ जना स्वास्थ्यकर्मी सेवा करार सेवामा नियुक्त गरी तत्काल कामकाजमा लगाउने निर्णय गरियो ।

**प्रस्ताव नं १० न्यायिक समितिको सचिवालयमा अभिलेख सहायक सेवा करारमा राख्ने सम्बन्धमा ।**

यस गाउँपालिका न्यायिक समितिको सचिवालय चुस्त दुरुस्त राखि कार्य संचालनका लागि बारेकोट ३ स्थित नविन राज शाही लाई न्यायिक समितिको सचिवालयमा अभिलेख सहायक पदमा सेवा करारमा राख्ने निर्णय गरियो ।

बारेकोट गाउँ कार्यपालिकाको कार्यालय, सिस्ने, रुकुम, कर्णाली प्रदेश, नेपाल — २०७३

रुद्र बहादुर पछाई
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्ताव नं. ११. कर्णाली प्रदेश सरकारवाट वितरण गरिने समपूरक तथा विशेष अनुदान माग गर्ने सम्वन्धमा ।**

प्रस्ताव नं. ११ माथि व्यापक छलफल गर्दा तपसिल वमोजिमका निर्णयहरु सर्वसम्मतिले पारित गरियो ।

११(क) प्रस्तुत विषयमा कर्णाली प्रदेश सरकारवाट मिति २०७५।०७।१५ मा स्वीकृत भई जारी भएको कर्णाली प्रदेश समपूरक अनुदान सम्वन्धी कार्यविधि, २०७५ तथा कर्णाली प्रदेश विशेष अनुदान सम्वन्धी कार्यविधि, २०७५ वमोजिम स्थानीय तहहरुलाई प्रदान गरिने समपूरक अनुदान माग गर्न देहायका पूर्वाधारका क्षेत्रलाई क्रमशः प्राथमिकीकरण गर्ने ।

| क.सं | पूर्वाधारका क्षेत्र | प्राथमिकता नं. |
|---|---|---|
| १ | सडक तथा पुल | १ |
| २ | खानेपानी | २ |
| ३ | स्वास्थ्य सम्वन्धी पूर्वाधार | ३ |
| ४ | शैक्षिक पूर्वाधार | ४ |
| ५ | एकिकृत वस्ती विकास | ५ |
| ६ | सिचाई | ६ |
| ७ | कृषि विकास सम्वन्धी पूर्वाधार | ७ |
| ८ | पर्यटकीय तथा अन्य शहरी पूर्वाधार | ८ |
| ९ | वातावरण संरक्षण | ९ |
| १० | वैकल्पिक उर्जा | १० |
| ११ | खेलकुद पूर्वाधार | ११ |
| १२ | विद्युत सेवा | १२ |

११(ख) माथि उल्लेखित पूर्वाधारका क्षेत्रहरु मध्ये यस आ.व. २०७५।७६ देखि संचालन गरिने वहुवर्षीय योजना अन्तर्गत संचालन गरिने सडक तथा पुल क्षेत्र अन्तर्गत पर्ने लिम्सा–हानेसल्ला सडक निर्माण आयोजनाका लागि डि.पी.आर. तयार गर्ने कार्य अन्तिम चरणमा पुगेको र उक्त डि.पी.आर.तयार भईसकेपछि सम्पूर्ण कागजातहरु तयार गरी यही माघ २० गते भित्र कर्णाली प्रदेश सरकार ,आर्थिक मामिला तथा योजना मन्त्रालय, विरेन्द्रनगर सुर्खेत समक्ष अनुदान मागका लागि अनुरोध गरी पठाउने ।

११(ग) माथि उल्लिखित सडक आयोजनाका लागि यस गाउँपालिकावाट ५० प्रतिशत हिस्सा र प्रदेश सरकारवाट ५० प्रतिशत हिस्सा व्यहोर्ने गरी समपूरक अनुदान माग गर्ने ।

११(घ) माथि ११(क) मा उल्लिखित प्राथमिकताक्रम २ मा समावेश भएको खानेपानी पूर्वाधारको क्षेत्र अन्तर्गत वारेकोट १ मा रहेका करिव २०० घरपरिवारका दलित वस्तीलाई लक्षित गरी धौलाकोट बृहत खानेपानी आयोजना निर्माणका लागि तत्काल डी.पी.आर. तयार गर्न प्रकृया अगाडि वढाउने र उक्त आयोजनाका लागि प्रदेश सरकार समक्ष समपूरक वा विशेष अनुदान माग गर्ने ।

**प्रस्ताव नं. १२. योजनाहरुमा थप वजेट व्यवस्था सम्वन्धमा ।**

वडा नं. ५ का देहायका योजनाहरुमा आ.व. २०७५।७६ को वजेट तथा कार्यक्रममा विनियोजन भएको वजेट बाट उक्त योजनाहरु सम्पन्न गर्न नसकिने देखिएकोले तपसिल वमोजिम वजेट थप गर्ने निर्णय गरियो । साथै वडा नं. ४ को कालडाँडे देवताको वारो निर्माण गर्ने योजनामा वजेट विनियोजन हुन छुटेकोले तपसिल वमोजिम वजेट विनियोजन गर्ने निर्णय गरियो ।

| क.सं. | योजनाको नाम | आ.व.२०७५।७६ मा विनियोजन भएको वजेट(रु हजारमा) | थप गर्नु पर्ने वजेट (रु हजारमा) | हाल कायम वजेट(रु हजारमा) |
|---|---|---|---|---|
| १ | गैरागाउँ खानेपानी योजना वडा नं. ५ | १०० | ५० | १५० |
| २ | तारेढगां खानेपानी योजना वडा नं. ५ | १०० | ५० | १५० |
| ३ | मष्टा देवता मन्दिर निर्माण करुका वडा नं. ५ | १५० | ५० | २०० |
| ४ | सरस्वती मा.वि.भवन मर्मत वडा नं. ५ | १४० | ६० | २०० |
| ५ | कालडाँडे देवताको वारो निर्माण, ठकुरी जिरी वडा नं. ४ | विनियोजन हुन छुटेको | १५० | १५० |

२०७५।८।२६

रुद्र बहादुर गछाई
प्रमुख प्रशासकीय अधिकृत